नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# २०८०/०८१ अङ्क-१२ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-७९ (पूर्णाङ्क २८५)

## विद्यार्थी भर्ना अभियानका लागि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको शुभकामना सन्देश



आज संवत् २०८१ साल वैशाख २ गतेदेखि नयाँ शैक्षिक सत्रका लागि विद्यालय भर्ना अभियान सुरू हुँदैछ। विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा सम्बन्धी मौलिक हक कार्यान्वियनको सुनिश्चितता गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्दैछ। नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहहरू र समुदायको समेत सक्रिय सहभागिताले मात्रै नयाँ भर्ना र सामुदायिक शिक्षा सुधारको अभियान सफल हुन्छ। शिक्षक, कर्मचारी, अभिभावक र समाजका प्रबुद्ध वर्गहरूको सक्रिय सहभागितामा विद्यार्थी भर्नाको अभियान सञ्चालन गर्न सबै सरोकारवालाहरूलाई मन्त्रालय हार्दिक आह्वान गर्दछ।

जीवनमा सफलताका लागि सिकाइ र सीप अपरिहार्य छ। समाज परिवर्तनका लागि आवश्यक चेतना शिक्षाबाटै प्राप्त हुने हो। समाजको स्तर र गति हाम्रो शिक्षाको गुणस्तर र गतिले निर्धारण गर्ने हो। हामीले हाम्रो रैथाने ज्ञान, नयाँ ज्ञान र सीपको पुस्तान्तरण गर्न तथा चेतनाको क्षेत्र सुधार गर्नुपर्नेछ। हाम्रो नयाँ पुस्तालाई हामीले समाजमा सकारात्मक योगदान दिन सक्ने करूणा र विनम्रता सहितका असल नागरिक बनाउनुपर्छ। यसको आधार र प्रेरणा हाम्रो शिक्षा प्रणाली हुनुपर्छ। यही हाम्रो राष्ट्रिय आकाङ्क्षा हो।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अनुसार आगामी २०८५ वैशाख १ गतेबाट आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति कुनै पनि कम्पनी तथा फर्महरूमा संस्थापक सदस्य, शेयर धनी, सञ्चालक वा कुनै पनि पदमा निर्वाचित वा नियुक्त हुन पाउने छैनन् र कुनै पनि सरकारी सेवामा प्रवेश गर्न सक्ने छैनन्। त्यसैले पनि आधारभूत शिक्षाको महत्त्वबारे जनस्तरमा सन्देश फैलाउन र नयाँ भर्नाको सूचना लक्षित वर्गसम्म पुऱ्याउन नागरिक समाज, शैक्षिक जगत्, कलाकारिता क्षेत्र र सबै सरोकारवालाहरूलाई सहजीकरण गर्न मन्त्रालय अनुरोध गर्दछ।

"**सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता**" भन्ने आदर्श वाक्यसँगै आजबाट सुरू भइरहेको नयाँ शैक्षिक सत्रको भर्नाका अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक तथा सबै आमा-बुबा, दाजु-भाइ, दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद, शुभेच्छा सहित।**

**सुमना श्रेष्ठ**
**मन्त्री**

## निजी लगानीका (संस्थागत) विद्यालयमा छात्रवृत्तिको कोटा निर्धारण गरी विद्यार्थी भर्ना गर्ने गराउने व्यवस्था कार्यान्वयनका लागि सबै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुरोध

१. **सम्वन्धित विद्यालयबाट प्रत्येक शैक्षिक सत्रमा लिने शुल्कको प्रस्ताव स्थानीय तहमा पेस भई स्थानीय तहबाट प्रत्येक विद्यालयको शुल्क निर्धारण गर्नुपर्ने कानूनी व्यवस्था अनुसार मापदण्ड निर्धारण गरी सम्बन्धित स्थानीय तह र विद्यालयको वेबसाइट मार्फत् सार्वजनिक गर्ने/गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन।**

२. **शैक्षिक सत्रको सुरूमा नै विद्यार्थी भर्ना/छात्रवृत्ति छनोट र वितरण तथा शुल्कको मापदण्ड निर्धारण गरी सार्वजनिक गर्ने/गराउने व्यवस्था कार्यान्वयन हुन।**

३. **विद्यालयमा विद्यार्थी भर्ना भएपश्चात् मात्र छात्रवृत्तिका कोटा छुट्याउँदा विपन्न र सीमान्तकृत समुदायका बालबालिका भर्ना भई शुल्क तिर्न नै नसकी भर्ना नहुने अवस्था सिर्जना हुने र छात्रवृत्तिको पहुँच बाहिर हुने स्थिति देखापर्नसक्ने भएकाले विद्यार्थी भर्नाकै समयमा छात्रवृत्तिको सङ्ख्या छुट्याई छात्रवृत्ति प्राप्त गर्ने बालबालिकालाई निःशुल्क भर्ना हुने व्यवस्था मिलाउनुहुन।**

## शै.स. २०८१ को प्रारम्भमा नै निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने सम्बन्धी सूचना !!

शैक्षिक सत्र २०८१ को सुरूवातसँगै प्रत्येक जिल्लामा विद्यालय तहका पाठ्यपुस्तक पुगिसकेको अवस्था सर्वविदितै छ। सामुदायिक विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीलाई विद्यालय भर्नाकै समयमा निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन सम्बन्धित स्थानीय तह मार्फत बजेटको व्यवस्था समेत आर्थिक वर्षको सुरूमै गरिसकिएको छ। सबै विद्यालयमा नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशन गरिएका पाठ्यपुस्तक लागू गर्नुपर्ने शिक्षा ऐनको व्यवस्था कार्यान्वयन गर्नु हामी सबैको जिम्मेवारी हो। यस सन्दर्भमा सबै स्थानीय तह, शिक्षा विकास तथा समन्वय एकाइ र सम्पूर्ण सरोकारवालामा समयमै पाठ्यपुस्तक उपलब्ध गराउन सहजीकरण, समन्वय र अनुगमन गरी सहयोग पुऱ्याउनुहुन शिक्षा तथा मानव स्रोत विकास केन्द्र हार्दिक अनुरोध गर्दछ।

## शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सम्बन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध।

**श्री स्थानीय तह, सबै।**
**श्री शिक्षा विकास तथा समन्वय एकाइ, सबै।**
**श्री विद्यालय, सबै।**

शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान 'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने आदर्श वाक्यका साथ विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक हक कार्यान्वियनको सुनिश्चितता गर्न विविध कार्यक्रम सहित देहाय बमोजिम गर्नुहुन अनुरोध छ।

**तपसिल**

१. सबै स्थानीय तहले विद्यार्थी भर्ना अभियान कार्यक्रमको नेतृत्व गर्नुहुन, विद्यालयले विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्नुहुन र शिक्षा विकास तथा समन्वय एकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रममा आवश्यक समन्वय र सहजीकरण गर्नुहुन।

२. सार्वजनिक जीवनमा रहेका व्यक्ति, कलाकार, राजनीतिक व्यक्ति, नागरिक समाज, पत्रकार, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, बालक्लब, विद्यालयको उच्चतम तहका विद्यार्थी, आमा समूह, शिक्षा क्षेत्रमा कार्यरत सङ्घसंस्था आदिसँग हालेमालो गर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका, सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने कार्यमा परिचालन गर्नु गराउनुहुन।

३. २०८१ वैशाख पहिलो हप्ता विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गर्नहुन र दोस्रो हप्तादेखि वैशाख मसान्तसम्म नियमित पठनपाठनका साथै घरदैलो लगायतका कार्यक्रम सञ्चालन गरी विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका सबै बालबालिका विद्यालयमा भर्नाको पहल गर्नुहुन।

४. विद्यालय तहका पाठ्यपुस्तक २०८० चैत १५ गतेबाट नै बिक्री वितरण सुरू भइसकेको हुँदा विद्यालयले समयमै पाठ्यपुस्तक खरिद गरी नयाँ शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीलाई वैशाख महिनाको पहिलो हप्तामै पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था मिलाउनुहुन।

५. विद्यालयहरूलाई आ-आफ्नो सेवा क्षेत्र भित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जाल समेतका माध्यमबाट सूचना प्रवाह गरी भर्ना गर्न लगाउने व्यवस्था मिलाउनुहुन।

६. अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाको पढाइमा निरन्तर सहयोग गर्ने व्यक्तिहरूको उचित पहिचान, सम्मान र अभिलेख राख्ने व्यवस्था मिलाउनुहुन।

७. सामुदायिक सिकाइ केन्द्रहरूलाई विद्यालय बाहिर रहेका बालबालिकाहरूको लगत सङ्कलन गर्न लगाई विद्यालयमा भर्ना गर्नका लागि समन्वय र प्रचार प्रसार आदिमा परिचालन गर्ने व्यवस्था मिलाउनुहुन।

८. विद्यालयहरूले विद्यालय व्यवस्थापन समितिबाट विद्यार्थी भर्ना अभियान कार्यक्रमको कार्यतालिका स्वीकृत गरी सोही अनुरूप विद्य( ार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन।

९. विद्यार्थी भर्ना अभियान कार्यक्रमको सम्बन्धमा आवश्यक सूचना, समन्वय र सहजीकरणका लागि स्थानीय तहमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी जिम्मेवारी प्रदान गर्न आवश्यक व्यवस्था मिलाउनुहुन। साथै विद्यालय स्तरमा समेत एक शिक्ष( कलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारीको व्यवस्था मिलाउनुहुन।

१०. विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरण सहितको प्रतिवेदन विद्यालयले स्थानीय तहमा पेस गर्नुहुन, स्थानीय तहले विद्यार्थी भर्ना अभियानको समष्टिगत प्रतिवेदन सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने व्यवस्था गर्नुहुन र शिक्षा विकास तथा समन्वय एकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रमको समष्टिगत प्रतिवेदन २०८१ जेठ १५ गतेसम्म शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेस गर्नुहुन।

११. सबै स्थानीय तह तथा सामुदायिक विद्यालयले विपन्न लक्षित छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि विद्यार्थीहरूलाई पीएमटी फाराम भर्न लगाउनुहुन।


नेपाल सरकार

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

## शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सम्बन्धमा अनुरोध



"**सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता**" भन्ने आदर्श वाक्यकासाथ शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान देशव्यापी रूपमा वैशाख महिना भर विभिन्न कार्यक्रमहरूसहित मनाइँदै छ।

संवैधानिक एवम् कानूनी प्रावधान अनुसार प्रत्येक नेपाली नागरिकको अनिवार्य र निःशुल्क आधारभूत शिक्षामा पहुँच तथा राज्यबाट निःशुल्क माध्यमिक शिक्षाको अधिकार कार्यान्वयन गर्ने कार्य नेपाल सरकारको प्राथिमकतामा रहेको छ। सरकारले विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरी सिकाइ निरन्तरताका लागि निःशुल्क पाठ्यपुस्तक, दिवा खाजा, छात्रवृत्तिका साथै उपयुक्त शैक्षिक पूर्वाधार र विद्यालयहरूमा दक्ष जनशक्तिको व्यवस्थापनमा विशेष जोड दिँदै आएको छ। नेपाली नागरिकको शिक्षा सम्बन्धी हक प्राप्तीको सुनिश्चितताका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूबिच समन्वय, सहकार्य र साझेदारीमा विभिन्न कार्यक्रमहरू समेत सञ्चालनमा ल्याईएका छन्।

विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराई शिक्षा सम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न २०८१ सालको बैशाख महिनाभित्र आवश्यकता अनुसार अभिभावकसँग भेटघाट, घरदैलो, ऱ्याली, स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जाल समेतको प्रयोग गरी भर्ना अभियानको लागि सूचना सम्प्रेषण, विद्यालय भर्ना हुन आउने विद्यार्थीहरूको स्वागत, भर्नाकै समयमा निःशुल्क पाठ्यपुस्तक वितरण, अभिभावक विहीन बालबालिकाहरूको लागि अभिभावकत्व ग्रहण, विद्यालयका सबै सरोकारवालाहरूसँग छलफल तथा अन्तर्क्रिया संचालन, सामुदायिक सिकाइ केन्द्र स्थानीय संघ संस्था र समूहहरूको परिचालन लगायतका अन्य उपयुक्त क्रियाकलाप सहित विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न गराउनु हुन तथा यस अभियानमा सक्रियतापूर्वक सहयोग र सहकार्यका लागि समेत सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछु।

**सुरेश अधिकारी**
**सचिव**

## विद्यार्थी भर्ना अभियान सहजीकरणका लागि कार्य योजना

शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान **"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"** भन्ने आदर्श वाक्यका साथ देशभर वैसाख २ गतेदेखि शुरु हुँदैछ। विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराइ शिक्षा सम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्नका लागि निम्न कार्य योजना समेतलाई मध्येनजर गरी स्थानीय तहले निर्देश गरे बमोजिम आआफ्नो क्षेत्रमा यस अभियान सञ्चालन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्बन्धित सबै सरोकारवालाहरूलाई हार्दिक अनुरोध गर्दछ।

**कार्ययोजना**

| क्र.सं. | मिति | कार्यक्रम | कार्यान्वयन गर्ने तह/ निकाय |
|---|---|---|---|
| १ | २०८१/०१/०२ | गोरखापत्रमा निर्देशन सम्बन्धी विशेषाङ्क तथा शुभकामना सन्देश प्रकाशन | मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| २ | २०८१/०१/०२ | सबै स्थानीय तहका शिक्षा प्रमुख, एकाई प्रमुख, नगरपालिका महासंघ, गाउँपालिका महासंघ र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा केन्द्रीय निकायको सहभागितामा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री ज्यूको समुपस्थितिमा भर्ना अभियान सम्बन्धी अन्तरक्रियात्मक जुम मिटिङ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ३ | २०८१/०१/०२ | ३० वटा एफएम रेडियोबाट सातवटै प्रदेशबाट भर्ना अभियान सम्वन्धी सन्देश २ देखी २१ गतेसम्म बिहान, दिउँसो र बेलुका समाचार अघि पछि वा बीचमा गरी दिनको ३ पटक प्रशारण गर्ने | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ४ | २०८१/०१/०२ | स्थानीय तहको निर्देशन अनुरुप विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले विद्यालयमा भर्ना भएका विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गर्दै विद्यार्थी भर्ना शुभारम्भ गर्ने | स्थानीय तह र विद्यालय |
| ५ | २०८१/०१/०३ | स्थानीय तह र विद्यालय व्यवस्थापन समितिले विद्यार्थी भर्ना गर्न विद्यालयलाई आवश्यक सहजीकरण र समन्वय गर्ने | स्थानीय तह र विद्यालय व्यवस्थापन समिति |
| ६ | २०८१/०१/०४ | शिक्षा सरोकारवाला सबैसँग भर्ना अभियानका लागि आह्वान गर्ने | शिक्षा विकास तथा समन्वय एकाइ, स्थानीय तहको शिक्षा शाखाहरू र विद्यालयहरू |
| ७ | २०८१/०१/०५ | भर्ना अभियानको ब्यानरसहित घरदैलो कार्यक्रम सञ्चालन गर्ने | स्थानीय तहको शिक्षा शाखाहरू र विद्यालयहरू |
| ८ | २०८१/०१/०६ | विद्यालय सेवा क्षेत्रभित्रका सबै शैक्षिक सूचना सञ्जाल मार्फत विद्यार्थी भर्नासम्वन्धी सूचना गर्न आह्वान गर्ने | स्थानीय तहको शिक्षा शाखाहरू र विद्यालयहरू |
| ९ | २०८१/०१/०७ | अभिभावक विहीन बालबालिकाको अभिभावकत्व ग्रहणका लागि आह्वान गर्ने | स्थानीय तहको शिक्षा शाखाहरू र विद्यालयहरू |
| १० | २०८१/०१/०८ | सामुदायिक सिकाइ केन्द्रहरूले भर्ना अभियानमा सहजीकरण गर्ने | विद्यालय र सामुदायिक सिकाइ केन्द्र |
| ११ | २०८१/०१/०९ | विद्यालय तहमा भर्ना अभियानको संयोजक मार्फत विवरण तयार गर्ने र भर्ना हुन बाँकी बालबालिकाको अनुमानित विवरण तयार गर्ने | स्थानीय तह र विद्यालयहरू |
| १२ | २०८१/०१/१० | विद्यार्थीलाई पोशाक र छात्रवृत्ति वितरणको व्यवस्था गर्ने | स्थानीय तह र विद्यालय |
| १३ | २०८१/०१/१० | विद्यालयले वैसाख १० गतेसम्म भर्ना भएका विद्यार्थी विवरण स्थानीय तहमा बुझाउने | विद्यालय |
| १४ | २०८१/०१/११ | स्थानीय तहको शिक्षा शाखाले विद्यालयबाट प्राप्त विवरणको आधारमा आफ्नो स्थानीय तहभित्र भर्ना हुन बाँकी बालबालिकाको लेखाजोखा गर्ने र पाठ्यपुस्तकको उपलब्धताको समिक्षा गर्ने | स्थानीय तह शिक्षा शाखा |
| १५ | २०८१/०१/१२ | सबै स्थानीय तहले भर्ना विवरण आफ्नो स्थानीय तहको अभिलेखमा भिडाइ शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने | स्थानीय तह |
| १६ | २०८१/०१/१३ | शिक्षा विकास तथा समन्वय एकाइले सबै स्थानीय तहबाट प्राप्त विवरण अध्यावधिक गर्ने | शिक्षा विकास तथा समन्वय एकाइ |
| १७ | २०८१/०१/१४ | शिक्षा विकास तथा समन्वय एकाइले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा भर्ना र पाठ्यपुस्तक सम्वन्धी विवरण पठाउने | शिक्षा विकास तथा समन्वय एकाइ |
| १८ | २०८१/०१/१५ देखि २० गतेसम्म | शिक्षा विकास तथा समन्वय एकाइबाट प्राप्त हुन आएको विवरणका आधारमा विद्यार्थी विवरण तयार गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउने | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |

**पुनश्च:** यस केन्द्रबाट निर्देशन हुने अन्य कुराको हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट निर्देश भए बमोजिम हुनेछ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

**सानोठिमी, भक्तपुर**

***रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारण हुने शैक्षिक कार्यक्रम तालिका र यस केन्द्रको वेबसाइट तथा फेसबुकमा रहेका सिकाइ सामग्री सम्बन्धी जानकारी***

| रेडियो नेपाल | | नेपाल टेलिभिजन | |
|---|---|---|---|
| शैक्षिक कार्यक्रम | श्रव्य पाठ प्रसारण | NTV राष्ट्रिय प्रसारण | NTV Plus |
| मङ्गलबार र शनिबार | सोमबारदेखि शनिबार | मङ्गलबार | आइतबारदेखि शुक्रबार |
| मङ्गलबार<br>शैक्षिक सूचना एवम् शैक्षिक गतिविधिहरू<br>शनिबार<br>चेतनामूलक लघुनाटक | विद्यालय शिक्षाका पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित विभिन्न कक्षाका श्रव्य पाठहरू | शैक्षिक बहस र देशभरका शैक्षिक संस्थाका असल अभ्यासहरुको स्थलगत रिपोर्ट | विद्यालय शिक्षाका पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित विभिन्न कक्षाका श्रव्यदृश्य पाठहरू |
| साँझ ७:२५ बजे | साँझ ५:१५ देखि ५:४५<br>साँझ ८:२५ देखि ८:५५ | साँझ ७:00 बजे | बिहान ६:00 देखि ८:३० (४ ओटा पाठहरू)<br>साँझ ४:३० देखि ७:00 (४ ओटा पाठहरू) |
| १५ मिनेट | ३० मिनेट | २५ मिनेट | ३५-४० मिनेट |

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट : www.cehrd.gov.np यस वेबसाइटको Learning Portal Tab मा सबै श्रव्य तथा श्रव्यदृश्य पाठहरू र सन्दर्भ सामग्री रहेका छन्।

सिकाइ चौतारी (Learning Portal) : Learning.cehrd.edu.np सिकाइ चौतारी नामक यस वेबसाइटमा सबै श्रव्य तथा श्रव्यदृश्य पाठहरू र सन्दर्भ सामग्री रहेका छन्।

Youtube : ncedvirtural or www.youtube.com/nced virtual को विद्यालय शिक्षा ट्याबमा सबै कक्षाका सबै विषयका श्रव्यदृश्य पाठहरू रहेका छन्।

Facebook : facebook.com/radiodistance मा रेडियो नेपालबाट प्रसारण भएका सबै श्रव्य पाठहरू सुन्न सकिनेछ। साथै अन्य सान्दर्भिक सामग्री समेत रहेका छन्।

पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरूका डिजिटल प्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटको इ-लाइब्रेरी (e-library) मा हेर्न सकिनेछ।

विद्यालय तथा CLC का सिर्जनात्मक, प्रवर्तनात्मक, अनुकरणीय एवं असल अभ्यास तथा गतिविधिहरू प्रसारणयोग्य भएमा यस शाखामा जानकारी गराउन सकिनेछ। शाखाको इमेल ठेगाना : radiodeol@gmail.com and cehrdvirtualclass@gmail.com

हरेक महिनाको १ गते र १६ गतेको गोरखापत्रमा प्रकाशन हुने शैक्षिक गतिविधि नियमित अध्ययन गरौं।

**रेडियो नेपालको प्रसारण फ्रिक्वेन्सी** (स्रोत: रेडियो नेपाल)

FM (MHz) : भेडेटार (१०० र १०३), आइतबारे (१०३), सोलुखुम्बु (९८), पाँचथर (९८), बर्दिबास (१०३), सिमरा (१०३), खुमलटार (१००), सिमभञ्ज्याङ (१००), चरिकोट (१००), पोखरा (१००), ढाउन्ने (१०३), जोमसोम (१००), रेसुङ्गा (१००), बन्दिपुर (१००), ढाङ (९८), रोल्पा (१०३), हुम्ला (१००), जुम्ला (१०३), मान्मा (१००), मुगु (१००), डोल्पा (१०३), हर्रे (१००), दिपायल (१०३), बुडीतोला (१०३), खोड्पे (९८), दार्चुला (९८), बझाङ (१०३) र उडीतोला (१००)

MW (KHz) : धरान (६४८), बर्दिबास (११४३), भैंसीपाटी (७९२), पोखरा (६८४), सुर्खेत (५७६), दिपायल (८१०)